# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, असार ३ गते २०६४ साल (अतिरिक्तांक १२ (क)


## भाग ३

### व्यवस्थापिका-संसद सचिवालयको
### सूचना

#### व्यवस्थापिका-संसद (पहिलो संशोधन) नियमावली, २०६४

व्यवस्थापिका-संसद नियमावली, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५७ द्वारा प्राप्त अधिकार बमोजिम व्यवस्थापिका-संसदले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "व्यवस्थापिका-संसद (पहिलो संशोधन) नियमावली, २०६४" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ व्यवस्थापिका-संसद नियमावली, २०६३ को नियम २ मा संशोधन : व्यवस्थापिका-संसद नियमावली, २०६३ (यस पछि मुल नियमावली भनिएको) को नियम २ को खण्ड (ङ) मा रहेको "संसदीय दलका नेता" भन्ने शब्दहरु पछि "व्यवस्थापिका-संसदमा विपक्षी दलका नेता, व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने राजनैतिक दलका संसदीय दलका" भन्ने शब्दहरु थपिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को शीर्षक पछि "(१)" कोष्ट र अंक थपी देहायका उपनियम (२) र (३) थपिएका छन् :-

"(२) संविधानको धारा ५१ को उपधारा (३) बमोजिम व्यवस्थापिका-संसदको अधिवेशन वा बैठक चालू नरहेको वा स्थगित रहेको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनि व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्यहरुले प्रधानमन्त्री समक्ष समावेदन गरेमा समावेदन गरेको मितिले पन्ध्र दिनभित्र बैठक बस्ने गरी प्रधानमन्त्रीले मिति र समय तोकि त्यस्तो अधिवेशन वा बैठक वोलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम व्यवस्थापिका-संसदको अधिवेशन वा बैठक बोलाईएमा महासचिव वा सचिवले त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नुका अतिरिक्त अन्य कुनै सार्वजनिक सञ्चारको माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

४. मूल नियमावलीको नियम २७ मा संशोधन : मूल नियमावलीको नियम २७ को उपनियम (१) मा रहेको "एक्काईस" भन्ने शब्दको सट्टा "उनन्तीस" भन्ने शब्द राखिएकोछ ।

५. मूल नियमावलीको नियम १३८ मा संशोधन : मूल नियमावलीको नियम १३८ को,-

१) उपनियम (१) को पछि देहाएको उपनियम (१क) र (१ख) थपिएकाछन् :-

"(१क) उपनियम (१) बमोजिम प्राप्त विधेयकमा उल्लेख भएका धारा, उपधारा, खण्ड, उपखण्ड वा स्पष्टिकरण जहाँ संशोधन प्रस्ताव पेश गरिएको छ सोही बुँदामा मात्र संशोधन प्रस्ताव पेश गर्न सकिनेछ ।

(१ख) उपनियम (१) बमोजिम प्राप्त विधेयक र सो सम्बन्धमा प्राप्त संशोधन प्रस्ताव माथि दफावार छलफल गरी सभामा प्रतिवेदन सहितको विधेयक प्रस्तुत गर्ने प्रयोजनका लागि सभामुखले सभाको अनुमति लिई विशेष समिति गठन गर्न सक्नेछ ।"

६. मूल नियमावलीमा परिच्छेद २२क थप : मूल नियमावलीको परिच्छेद २२ पछि देहायको परिच्छेद २२क थपिएकोछ :

"परिच्छेद २२क

विश्वास वा अविश्वासको प्रस्ताव

१७२क. विश्वासको प्रस्ताव : (१) संविधानको धारा ५५क. को उपधारा (१) बमोजिम प्रधानमन्त्रीले आफूमाथि सभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानी विश्वासको मतको लागि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्न चाहेमा त्यसको सूचना महासचिव वा सचिवलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने सूचना प्रस्तावमाथि छलफल हुने दिनभन्दा दुई दिन अगावै दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि महासचिव वा सचिवले सभामुख समक्ष पेश गर्नेछ र सभामुखले सभामा प्रस्ताव पेश गर्ने दिन र समय तोक्नेछ ।

(४) उपनियम (३) बमोजिम तोकिएको दिन र समयमा सभामुखको अनुमति लिई प्रधानमन्त्रीले सो सम्बन्धमा आफ्नो वक्तव्य दिई सभामा प्रस्ताव पेश गर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रस्तावमा छलफल गर्न सभामुखले समयावधि निर्धारण गर्नेछ र सो समयावधिको अन्तमा प्रधानमन्त्री वा निज अस्वस्थ भई वा काबू बाहिरको परिस्थिति परी सभामा आफैं उपस्थित हुन असमर्थ भएमा निजद्वारा अधिकृत कुनै मन्त्रीले छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिनेछ ।

(६) उपनियम (५) बमोजिम प्रधानमन्त्री वा निजद्वारा अधिकृत कुनै मन्त्रीले जवाफ दिएपछि सभामुखले प्रधानमन्त्रीमाथि सभाको विश्वास छ वा छैन भन्ने प्रश्न निर्णयार्थ सभामा प्रस्तुत गर्नेछ ।

(७) सभाको निर्णय विभाजनद्वारा हुनेछ ।

१७२ख. अविश्वासको प्रस्ताव : (१) संविधानको धारा ५५क.को उपधारा (२) बमोजिम प्रधानमन्त्रीमाथि सभाको विश्वास छैन भनी सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले लिखित रूपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने सदस्यहरूले कम्तीमा सात दिन अगावै सो कुराको लिखित सूचना महासचिव वा सचिवलाई दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सूचना प्राप्त भएपछि सभामुखले प्रस्तावमाथि छलफल हुने दिन र समय तोकी सो कुरा सबै सदस्यहरूको अग्रिम जानकारीका लागि सूचनापत्रमा प्रकाशित गर्नेछ ।

(४) उपनियम (३) बमोजिम तोकिएको दिन र समयमा प्रस्तावक सदस्यहरूमध्ये पहिलो हस्ताक्षरकर्ता वा निजले अधिकृत गरेको सदस्यको नाम सभामुखले बोलाएपछि सो सदस्यले सभामा प्रस्ताव पेश गर्नेछ र निजले चाहेमा प्रस्ताव पेश गर्नु अघि सो सम्बन्धमा आफ्नो वक्तव्य दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रस्तावमा छलफल गर्न सभामुखले समयावधि निर्धारण गर्नेछ र सो समयावधिको अन्तमा प्रधानमन्त्री वा निज अस्वस्थ भई वा काबू बाहिरको परिस्थिति परी सभामा आफै उपस्थित हुन असमर्थ भएमा निजद्वारा अधिकृत कुनै मन्त्रीले प्रस्ताव र छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (५) बमोजिम प्रधानमन्त्री वा निजद्वारा अधिकृत कुनै मन्त्रीले जवाफ दिएपछि प्रस्तावक सदस्यले सभाको अनुमति लिई प्रस्ताव फिर्ता लिन सक्नेछ ।

(७) उपनियम (६) बमोजिम प्रस्तावक सदस्यले प्रस्ताव फिर्ता नलिएमा सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नेछ ।

(८) सभाको निर्णय विभाजनद्वारा हुनेछ ।

(९) यस नियम बमोजिमको प्रस्ताव सभाबाट पारित भएमा प्रधानमन्त्री आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछ ।"

७. <u>मूल नियमावलीको नियम १८१ मा संशोधन:</u> मूल नियमावलीको नियम १८१ को तालिकाको क्रमसंख्या ३ मा रहेको राज्य व्यवस्था समितिको कार्यक्षेत्रको तेस्रो हरफमा रहेको "मन्त्रालय" भन्ने शब्द पछि "शान्ति तथा पुनर्निर्माण मन्त्रालय" भन्ने शब्दहरु थपिएका छन् ।

८. <u>मूल नियमावलीको नियम १८३ मा संशोधन</u> : मूल नियमावलीको नियम १८३ को उपनियम (१) मा रहेको "पच्चीस" भन्ने शब्दको सट्टा "उनन्तीस" भन्ने शब्द राखिएकोछ।

९. <u>मूल नियमावलीको नियम २११, मा संशोधन:</u> मूल नियमावलीको नियम २११ को उपनियम (२) मा रहेको "एक्काईस" भन्ने शब्दको सट्टा "उनन्तीस" भन्ने शब्द राखिएकोछ ।

१०. <u>मूल नियमावलीको नियम २१२ मा संशोधन</u> : मूल नियमावलीको नियम २१२. को सट्टा देहायको नियम २१२. राखिएकोछ :-

"२१२. <u>संसदीय सुनवाई विशेष समिति</u> : (१) संविधान बमोजिम संवैधानिक परिषद्को सिफारिशमा नियुक्त हुने संवैधानिक पद तथा सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको पदमा नियुक्तिका लागि प्रस्ताव गरिएका नामका सम्बन्धमा संसदीय सुनुवाईको लागि व्यवस्थापिका-संसदमा संसदीय सुनुवाई विशेष समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिमा व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका कम्तीमा एक/एक जना सदस्य रहने गरी सभाद्वारा मनोनित बढीमा उनन्तीस जना सदस्य रहनेछन् । विशेष परिस्थितिमा आवश्यकता अनुसार कार्य व्यवस्था परामर्श समितिको सिफारिशमा सदस्यहरुको हेरफेर गर्न सकिनेछ ।

(३) समितिका सदस्यहरुले आफूमध्येबाट एकजना सभापतिको निर्वाचन गर्नेछन् । सभापतिको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले बैठकको सभापतित्व गर्नेछ ।

(४) समितिको कार्यावधि व्यवस्थापिका-संसदको अवधिभरका लागि हुनेछ ।

(५) समितिको सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछ ।

(क) सभाको सदस्य नरहेमा,

(ख) समितिको सदस्य पदबाट राजीनामा दिएमा,

(ग) उपनियम (२) बमोजिम हेरफेर भई सदस्य नरहेमा ।

११. मूल नियमावलीको नियम २१३ मा संशोधन : मूल नियमावलीको नियम २१३. को सट्टा देहायको नियम २१३. राखिएकोछ :-

"२१३. सुनुवाई सम्बन्धी कार्यविधि : (१) देहायका पदहरु रिक्त भै नियुक्तिका लागि सिफारिस गर्दा वा नियुक्ति गर्दा रिक्त रहेको पदको लागि सम्भाव्य उम्मेदवारको नाम प्रस्ताव गरी संसदीय सुनुवाईको लागि सम्बन्धित निकायबाट समितिमा पठाउनु पर्नेछ :-

(क) सर्वोच्च अदालतका प्रधान न्यायाधीश र न्यायाधीशहरु,

(ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरु,

(ग) महालेखा परीक्षक,

(घ) लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरु,

(ङ) निर्वाचन आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरु,

(च) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यहरु र

(छ) राजदूतहरु ।

(२) उपनियम (१) बमोजिम प्राप्त नामावलीमाथि समितिले सम्बन्धित निकायबाट यस सम्बन्धी पत्र प्राप्त भएको मितिले पन्ध्रदिनभित्र सुनुवाई गरी सम्बन्धित पदको लागि समितिको राय तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम समितिबाट प्राप्त रायमा प्रस्तावित नाम अस्वीकृत नभएको भए निजलाई सम्बन्धित निकायले सम्बन्धित पदमा नियुक्ति गरी सोको जानकारी समितिमा पठाउनु पर्नेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार सभापतिले बोलाउनेछ । समितिको बैठक बस्नका लागि समितिका सम्पूर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।

(५) उपस्थित सदस्यहरुको सर्वसम्मत निर्णय समितिको निर्णय हुनेछ ।

तर सर्वसम्मत निर्णय हुन नसकि उपनियम (२) बमोजिमको समयभित्र समितिले सम्बन्धित निकायमा आफ्नो निर्णय उपलब्ध गराउन नसकेमा सुनुवाईको लागि पठाईएको पदमा नियुक्तिका लागि कुनै बाधा पुग्ने छैन । समिति सर्वसम्मत हुन नसकेको अवस्थामा समितिले सुनुवाईका लागि प्राप्त नामको सम्बन्धमा समितिमा भएको कारवाही, समितिलाई प्राप्त कागजात तथा अन्य विवरण यथाशीघ्र सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) उपनियम (२) बमोजिम भएको निर्णय सहितको प्रतिवेदन सभामा यथाशीघ्र प्रस्तुत गरिनेछ । सभाको बैठक नभएको वा नबसेको अवस्थामा सभामुख समक्ष प्रस्तुत गरी त्यस पछि बसेको बैठकमा प्रस्तुत गरिनेछ ।

(७) समितिको अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

१२. <u>मूल नियमावलीको नियम २१४ मा संशोधन</u> : मूल नियमावलीको नियम २१४ को उपनियम (२) मा रहेको "एक्काईस" भन्ने शब्दको सट्टा "उनन्तीस" भन्ने शब्द राखिएकोछ ।

१३. <u>मूल नियमावलीको नियम २१५ मा संशोधन</u> : मूल नियमावलीको नियम २१५ को उपनियम (२) मा रहेको "एक्काईस" भन्ने शब्दको सट्टा "उनन्तीस" भन्ने शब्द राखिएकोछ ।

१४. <u>मूल नियमावलीको नियम २१६ मा संशोधन</u> : मूल नियमावलीको नियम २१६ को उपनियम (२) मा रहेको "एक्काईस" भन्ने शब्दको सट्टा "उनन्तीस" भन्ने शब्द राखिएकोछ ।

१५. <u>मूल नियमावलीको नियम २१७ मा संशोधन</u> : मूल नियमावलीको नियम २१७ को उपनियम (२) मा रहेको "एक्काईस" भन्ने शब्दको सट्टा "उनन्तीस" भन्ने शब्द राखिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. <u>मूल नियमावलीको नियम २१८ मा संशोधन</u> : मूल नियमावलीको नियम २१८ को उपनियम (२) मा रहेको "एक्काईस" भन्ने शब्दको सट्टा "उनन्तीस" भन्ने शब्द राखिएकोछ ।

१७. <u>मूल नियमावलीको नियम २२५ मा संशोधन</u> : मूल नियमावलीको नियम २२५ को उपनियम (१) को खण्ड (क) मा रहेका "बढीमा पन्ध्रजना" भन्ने शब्दहरुको सट्टा "आवश्यकतानुसारको संख्यामा" भन्ने शब्दहरु राखिएका छन् ।

१८. <u>मूल नियमावलीको नियम २४१ मा संशोधन</u> : मूल नियमावलीको नियम २४१ को उपनियम (२) को देहाय ३. मा रहेको "उन्नाईस" भन्ने शब्दको सट्टा "सत्ताईस" भन्ने शब्द राखिएकोछ ।

१९. <u>मूल नियमावलीको नियम २७२ मा संशोधन</u> : मूल नियमावलीको नियम ७२ को उपनियम (४) मा रहेको "एक्काईस" भन्ने शब्दको सट्टा "उनन्तीस" भन्ने शब्द राखिएकोछ ।

**आज्ञाले,**
**सूर्य किरण गुरुङ्ग**
**व्यवस्थापिका- संसदको महासचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।